# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
**केन्द्रिय कार्यालय, Central Office**
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६८ चैत ३० गते

# घिमिरे र झालाई 'स्व.दयाराम परियार स्मृति मानव अधिकार सम्मान'

राष्ट्रिय मानव अधिकार आयोगले 'स्व.दयाराम परियार स्मृति मानव अधिकार सम्मान, २०६८' 'एबीसी नेपाल' का अध्यक्ष दुर्गा घिमिरे तथा पत्रकार चन्द्रकिशोर झालाई प्रदान गर्ने निर्णय गरेको छ।

दुर्गा घिमिरे महिला अधिकार र सामाजिक विकासको क्षेत्रमा लामो समयदेखि कार्यरत हुनुहुन्छ भने चन्द्रकिशोर झा मानव अधिकार, सामाजिक न्याय र सामाजिक समावेशीकरणको पक्षमा कलम चलाउने स्वतन्त्र पत्रकार हुनुहुन्छ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना दिवसको अवसर पारेर आगामी जेठ १३ गते एक समारोहबीच सो सम्मान प्रदान गरिनेछ।

कर्मक्षेत्रमा खटिएकै बखत आयोगका जनकपुर कार्यालयमा कार्यरत तत्कालीन कर्मचारी दयाराम परियारलाई २०६२ साल चैत्र ११ गते नेपाल प्रहरीले चलाएको गोली लागेको थियो । उहाँलाई उपचारका लागि शिक्षण अस्पताल (काठमाडौं) मा ल्याई भर्ना गरिएको थियो। उपचारकै क्रममा २०६२ साल चैत्र १५ गते उहाँको देहान्त भएको थियो।

मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा प्रतिवद्ध व्यक्ति वा संस्थाले पु¥याएको योगदानका लागि 'स्व.दयाराम परियार स्मृति मानव अधिकार सम्मान' यसै वर्षदेखि स्थापना गरिएको छ।

...............
विशाल खनाल
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org